# मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलौली,बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.२०७९/८०
च.नं. ३४९

मिति: २०७९/०५/३१

विषय:विद्यालय समय सम्बन्धमा।

श्री सामुदायिक विद्यालय,सबै
श्री सामुदायिक बालविकास केन्द्र,सबै
मेलौली नगरपालिका,बैतडी।

प्रस्तुत विषयमा "प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम २०७७" अनुसार प्रारम्भिक बाल विकास तथा शिक्षाको आधारभूत सिप सिकाईका क्षेत्र र विषयगत सिप सिकाईका क्षेत्रको कूल जम्मा वार्षिक कार्यघण्टा ५७६ हुने र सो बाहेक स्थानीय विषयवस्तु अन्तर्गत स्थानीय तहमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलाप,खेल,बालगीत,विभिन्न कक्षा,चालचलनको भूमिका अभिनय र आरामका अभ्यास वा अन्य स्थानीय विशिष्ट अभ्यास,प्रचलन वा रोचक प्रसङ्गलागायत विषयक्षेत्र समेटी कम्तिमा दैनिक १ घण्टाका दरले वर्षभरीमा २५६ घण्टासम्म समय थप हुने व्यवस्था उल्लेख भएको व्यहोरा अवगतै होला।

तसर्थ,यस पालिका अन्तर्गतका सबै समुदायिक विद्यालय र समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत प्रारम्भिक बाल विकास शिक्षकहरुलाई विद्यालय समयमा तोकिएको वार्षिक कार्यघण्टा नघट्ने गरी शिक्षण सिकाईलाई नियमित गर्ने तथा विद्यालयमा अन्य शिक्षक सरह नै पुरा समयसम्म उपस्थित भइ विद्यालयले निर्धारण गरेको समयतालिका बमोजिम शैक्षिक/शैक्षणिक गतिविधि प्रभावकारी रुपमा सञ्चालन गर्ने सन्दर्भमा आवश्यक निर्देशन गरी प्रभावकारी कार्यान्वयन गर्न गराउन अनुरोध गरिन्छ।

.....................

सपना कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:

श्री प्रारम्भिक बालविकास शिक्षक,सबै:विद्यालयले निर्माण गरेको समयतालिकाको पूर्ण पालना गर्न हुन।


ईमेल : ito.melaulimun@gmail.com website : www.melaulimun.gov.np फोन नं. ०९९९९०९३६


"कृषि, पर्यटन र पुर्वाधार,
मेलौली विकासको मूल आधार"